आज मिति २०८१ साल श्रावण १७ गते विहिवारका दिन रावा बेसी गाउँ कार्यपालिकाको बैठक यस गाउँ कार्यपालिकाका अध्यक्ष श्री फटिक कुमार श्रेष्ठज्यूको अध्यक्षतामा तपसिलको उपस्थितीमा रावा बेसी गाउँ कार्यपालिकाको कार्यालय, हरमटार कुभिण्डेमा बैठक बसी निम्न बमोजिमका प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो ।

उपस्थिती

१. अध्यक्ष श्री फटिक कुमार श्रेष्ठ

२. उपाध्यक्ष श्री कौशिला कुमारी गुरुङ

३. सदस्य श्री गेहेन्द्रमान राई

४. सदस्य डोलराज बस्नेत

५. सदस्य श्री विरेन्द्र मगर

६. सदस्य श्री ज्ञान बहादुर पाण्डे

७. सदस्य श्री मनकुमार गुरुङ

८. सदस्य श्री चिरन्जिबी कार्की

९. सदस्य श्री सिर्जना राई

१० सदस्य श्री मेनुजा विश्वकर्मा

११. सदस्य श्री गोमा पाण्डे

१२. सदस्य श्री धनिरा गुरुङ

१३. सदस्य श्री दिपक बि.क.

१४. सदस्य श्री गोविन्द बहादुर भुजेल

१५. सदस्य सचिव श्री सरोज रेग्मी

आमन्त्रित

प्रस्तावहरु

१. बिज्ञापन/सूचना सम्बन्धमा ।
२. विपद ब्यवस्थापन तथा प्रतिकार्य सम्बन्धमा ।
३. विविध सम्बन्धमा ।

निर्णयहरु

नि.नं.१ प्रस्ताव नं. १ माथि छलफल गर्दा यस रावा बेसी गाउँपालिका अन्तर्गत विभिन्न पदहरुमा करार सेवामा पद पूर्ति गर्नु पर्ने भएकोले निम्म बमोजिमका पदहरुमा बिज्ञापन गर्ने निर्णय गरियो । निम्न

| सि.नं. | पद | सेवा/समुह | पद संख्या |
|---|---|---|---|
| १. | मनोसामाजिक परामर्श कर्ता ( सहायक पाचौं सरह) | | १ (एक) |
| २. | अ.न.मि. (सहायक चौथो) | स्वास्थ्य/ प.हे.न. | १ (एक) |
| ३. | हे.अ. (सहायक पाचौं) | स्वास्थ्य /हे.ई. | २ (दुई) |
| ४. | फिल्ड सहायक(सहायक चौथो) | विविध | १ (एक) |
| ५. | अपाङ्गता सहायता कक्ष सहजकर्ता ( समाबेशी अपाङ्गता | | १ (एक) |

नि.नं.२ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस रावा बेसी गाउँपालिकामा भित्र विपद संभावित क्षेत्रहरुमा मनसुन तथा बर्षतका कारण स्थानीय विपद ब्यवस्थमपन समिति र गाउँपालिका भित्र रहेका सबै सुरक्षा निकायलाई तयारी अवस्थामा रहने साथै स्वास्थ्य अन्तर्गतका RRT लाई विपद प्रतिकार्यका लागि तयारी अवस्थामा राखि विपद् जोखि न्यूनिकरणलाई प्राथमिकताका साथ अगाडी बढाई नागरिक सुरक्षाको प्रत्याभुत गराउने, यस सम्बन्धि पर्न सक्ने विपद क्षती न्यूनिकरण तथा उद्दार कार्यका लागि बडा विपद ब्यवस्थापन समिति तथा उद्दार टोली लाई आबस्यक सामाग्रि सहित तयार अबस्थामा राख्ने निर्णय गरियो ।

नि.नं.३ प्रस्ताव नं. ३ विविध माथि छलफल गर्दा विपद् जोखिम सम्बन्धी सूचना आदान प्रदान गर्न गाउँपालिका भित्रका सुरक्षा निकाय मार्फत दैनिक सम्पर्क स्थापना गर्ने तथा पालिकामा रहेका एम्बुलेन्स, ब्याक हो लोडर तथा ट्याक्टरलाई तयारी अवस्थामा राख्ने निर्णय गरियो ।

आजको बैठकमा पेश भएका प्रस्तावहरु माथि छलफल र निर्णय सकिएकोले अध्यक्षज्यू बाट धन्यवाद सहित बैठकको समापन गर्नु भयो ।